वि.सं. २०३९ सालदेखि निरन्तर प्रकाशित

www.bhanjyangnews.com

भञ्ज्याङ

BHANJYANG NATIONAL DAILY राष्ट्रिय दैनिक



वर्ष ४५ अंक १६८ | २०८३ कात्तिक ०९ गते सोमबार, नेपाल सम्वत् ११४६ October 26, 2026 | पृष्ठ ४ | मूल्य : रू. १५/-



सडक नबनाइदा यात्रुलाई सास्ति

तनहुँको आँबुखैरेनी गाउँपालिका-४ डम्पिङस्थित पृथ्वी राजमार्गमा सडक भासिएपछि सवारी आवागमन सहज बनाउन प्रहरीले आलोपालो प्रणाली लागू गरेको छ । सडक भासिएको वर्षदिन बढि हुँदा पनि पुनर्निर्माण नगरिदा मुग्लिन-आँबुखैरेनी सडक खण्डको यात्रा सास्तिपूर्ण बनेको छ । एकतर्फि सडक सञ्चालन हुँदा लामो समय जाम भएपछि जिल्ला प्रहरी कार्यालय तनहुँले सडक भासिएको स्थानमा प्रहरी परिचालन गरी सवारीसाधनलाई आलोपालो सञ्चालन गर्ने व्यवस्था मिलाइएको छ । सडकमा सवारी आवागमन व्यवस्थित र सहज बनाउन प्रहरीले आवश्यक सहजीकरण गरिरहेको जनाएको छ ।

तस्विर सौजन्य : जिल्ला प्रहरी कार्यालय तनहुँ/भञ्ज्याङ

बन्दीपुरमा पर्यटकको चहलपहल बढ्यो

पर्यटकीय याम सुरू भएसंगै विदेशी र आन्तरिक पर्यटकको आगमन पनि बढ्दै

भञ्ज्याङ समाचारदाता/बन्दीपुर

दसैँको टीका र तिहारको प्रतीक्षाबीच मिलेको लामो बिदा, परिवारसँग घुम्ने योजना र नयाँ ठाउँको अनुभव लिने चाहना । यही अवसरमा तनहुँको पर्यटकीय नगरी बन्दीपुर आन्तरिक पर्यटकको रोजाइमा परेको छ। परम्परागत घरले सजिएको बजार, ढुङ्गा छापिएका गल्ली, शान्त वातावरण र हिमश्रृंखलाको मनमोहक दृश्यले बन्दीपुरमा पर्यटकको चहलपहल बढाएको छ । चाडपर्वपछि घुमफिरमा निस्कने नेपाली पर्यटकसँगै पर्यटकीय याम सुरू भएपछि विदेशी पाहुनाको आगमनसमेत बढ्न थालेको छ ।

बजारभित्र ढुङ्गा छापिएका बाटो, परम्परागत शैलीका घर, सफा र शान्त वातावरण तथा हिमश्रृंखलाको दृश्यले बन्दीपुरलाई घुमफिरका लागि आकर्षक बनाएको छ। चाडपर्वको बिदा मनाउन निस्कने पर्यटकका कारण बजारका होटल तथा पर्यटन व्यवसायमा समेत गतिविधि बढेको छ। यसैबीच, मुख्य पर्यटकीय याम सुरू भएसँगै विदेशी पर्यटकको आगमन पनि बढ्न थालेको छ ।

बन्दीपुर पर्यटन विकास समितिका पूर्वअध्यक्ष बैसबहादुर गुरूङका अनुसार दसैँ र तिहारबीचको लामो बिदाले बन्दीपुरमा आन्तरिक पर्यटकको आवागमन बढाएको हो । छोटो समयको भ्रमणमा निस्कने परिवार तथा साथीभाइका लागि बन्दीपुर सहज गन्तव्य बन्दै गएको उनले बताए ।

'भिजिट बन्दीपुर २०२५' अभियानमार्फत गरिएको प्रचारप्रसारले विदेशी पर्यटकलाई समेत आकर्षित गर्न सहयोग पुगेको गुरूङको भनाइ छ। मौलिक बस्ती र प्राकृतिक सौन्दर्यको संयोजनले बन्दीपुरलाई अन्य पर्यटकीय गन्तव्यभन्दा विशिष्ट बनाएको उनले बताए ।

पर्यटकीय याम सुरू भएसँगै विदेशी पर्यटकको आगमन बढ्न थालेको बानियाँले बताए । स्थानीय संस्कृति, आतिथ्य र मौलिक जीवनशैलीलाई पर्यटनसँग जोडेर प्रचारप्रसार गर्दै आएको उनले बताए । अध्यक्ष थापाका अनुसार बन्दीपुरको पहिचान बजारको सुन्दरता र हिमालको दृश्यमा मात्र सीमित छैन, यहाँको संस्कृति र स्थानीय जीवनशैली पनि पर्यटक आकर्षित गर्ने महत्वपूर्ण आधार हुन् । उनले प्राकृतिक सौन्दर्य, मौलिक संस्कृति र ग्रामीण जीवनशैलीलाई रहनसहन बुझ्नसमेत रूचि देखाउने गरेका छन् ।



बन्दीपुरको टुडिखेलबाट बिहानको समयमा उपत्यका तथा बेसीमा लागेको कुहिरो, हिमश्रृंखलाको दृष्य अवलोकन गर्दै पर्यटकहरू । *तस्विर : भञ्ज्याङ*

बन्दीपुरको आकर्षण प्राकृतिक दृश्यमा मात्र सीमित छैन । यहाँका पुराना घर, साँघुरा गल्ली, स्थानीय खानाका परिकार र परम्परागत जीवनशैलीले पर्यटकलाई स्थानीय संस्कृति नजिकबाट अनुभव गर्ने अवसर दिन्छन् । बन्दीपुर सामुदायिक होमस्टेका पूर्वअध्यक्ष राजु बानियाँका अनुसार पर्यटकले बजार घुम्ने र दृश्यावलोकन गर्ने मात्र नभई स्थानीय रहनसहन बुझ्नसमेत रूचि देखाउने गरेका छन् ।

बन्दीपुर बजारबाहेक आसपासका धार्मिक तथा प्राकृतिक गन्तव्यले पनि पर्यटकलाई आकर्षित गरिरहेका छन् । खड्गदेवी मन्दिर, थानीमाई, रानीवन, रामकोट र प्रसिद्ध सिद्धगुफा घुम्न पुग्ने पर्यटकको चहलपहल बढेको बन्दीपुर गाउँपालिकाका अध्यक्ष सुरेन्द्रबहादुर थापाले बताए ।

गाउँपालिकाले बन्दीपुरको प्राकृतिक सौन्दर्य, मौलिक संस्कृति र ग्रामीण जीवनशैलीलाई पर्यटनसँग जोडेर प्रचारप्रसार गर्दै आएको उनले बताए । अध्यक्ष थापाका अनुसार बन्दीपुरको पहिचान बजारको सुन्दरता र हिमालको दृश्यमा मात्र सीमित छैन, यहाँको संस्कृति र स्थानीय जीवनशैली पनि पर्यटक आकर्षित गर्ने महत्वपूर्ण आधार हुन् । उनले भने, "बन्दीपुरको आकर्षण बजारको सुन्दरता र हिमालको दृश्यमा मात्र सीमित छैन, यहाँको मौलिक संस्कृति, ग्रामीण जीवनशैली र स्थानीय रहनसहनले पनि पर्यटकलाई लोभ्याउने गरेको छ ।"

चाडपर्वको बिदामा बढ्ने पर्यटकीय गतिविधिलाई नियमित पर्यटन प्रवर्द्धनसँग जोड्न सके

बाँकी तेश्रो पेजमा

दुईतिहाइको दम्भ देखाए कांग्रेस चुप बस्दैन : महामन्त्री पौडेल

भञ्ज्याङ समाचारदाता/दुलेगौडा

नेपाली कांग्रेसका नवनिर्वाचित महामन्त्री प्रदीप पौडेलले सरकारले दुईतिहाइ बहुमतको दम्भ देखाएर लोकतन्त्र र कानुनी शासनमाथि प्रहार गरे कांग्रेस चुप लागेर नबस्ने चेतावनी दिएका छन् ।

नेपाली कांग्रेस शुक्लागण्डकी नगर कार्यसमितिले आइतबार दुलेगौंडामा आयोजना गरेको



चाडपर्वको शुभकामना आदानप्रदान कार्यक्रममा उनले सरकारका सकारात्मक काममा समर्थन गर्ने तर लोकतान्त्रिक मूल्य र मान्यतामाथि प्रहार भए प्रतिवाद गर्ने बताए । उनले भने, "सरकारले राम्रो गर्दा खुलेर समर्थन गर्नेछौं । दुईतिहाइको दम्भ देखाएर कानुनभन्दा माथि जाने र लोकतन्त्र समाप्त गर्ने बाटोमा गए कांग्रेस चुप लागेर बस्दैन ।"

पूर्वमन्त्रीसमेत रहेका पौडेलले नयाँ राजनीतिक शक्तिले ठूलो जनसमर्थनसहित नेतृत्व गरिरहेकाले जनतासँग गरेका प्रतिबद्धता पूरा गर्नुपर्नेमा जोड दिए । कांग्रेसको १५औँ महाधिवेशनको प्रसङ्ग उठाउँदै उनले पार्टीभित्र सबैलाई समेट्ने प्रयास गरिएको बताए । केही नेता तथा कार्यकर्ता बाहिर रहे पनि उनीहरूलाई पार्टीको मूलधारमा फर्कन उनले आग्रह गरे ।

विशेष महाधिवेशन विधिविपरीत भएको भन्ने असन्तुष्टि भए नियमित महाधिवेशनमा सहभागी भएर आफ्ना धारणा राख्नुपर्ने उनको भनाइ थियो। महाधिवेशनपछि पार्टीमा व्यापक एकता कायम भएको उल्लेख गर्दै पौडेलले अग्रज नेताहरूको योगदानको सम्मान गरिने स्पष्ट पारे ।

"हिजो जिम्मेवारी सम्हालेर संघर्ष गर्दै पार्टीलाई यहाँसम्म ल्याउनुभयो । अग्रजलाई अपमान गर्ने कुनै मनसाय थिएन", उनले भने, "पार्टीको जिम्मेवारी महाधिवेशनसम्बन्धी विवादमा मात्र सीमित नरहेको र जनताका समस्या तथा जनजीविकाका सवालमा कांग्रेस केन्द्रित हुनुपर्दछ ।"

नगर सभापति कृष्णप्रसाद रेग्मीको सभापतित्वमा भएको कार्यक्रममा कांग्रेस केन्द्रीय सदस्य दीपक भट्टराई, तनहुँका निवर्तमान सभापति एवं व्यास नगरप्रमुख

बाँकी तेश्रो पेजमा

सम्पादकीय .....

www.bhanjyangnews.com

मानुङकोटको पर्यटन

पर्यटन याम सुरू भएसंगै पर्यटकीय गन्तव्यमा चहलपहल बढ्न थालेको छ । तनहुँको व्यास नगरपालिका-५ मा अवस्थित मानुङकोटमा केहीदिन यता आन्तरिक पर्यटक पुग्न थालेका छन् । पछिल्ला वर्षमा आन्तरिक पर्यटकको आकर्षक गन्तव्यका रूपमा स्थापित हुँदै गएको छ मानुङकोट । दमौली बजार, व्यास पराशर क्षेत्र, वरिपरिका हरिया पहाड र टाढा देखिने हिमश्रृंखलाको मनमोहक दृश्यले मानुङकोटलाई पर्यटनको नयाँ केन्द्र बनाएको छ । विशेषगरी जाडो मौसम सुरू भएसँगै यहाँ देखिने कुहिरो र सूर्योदयको दृश्यले पर्यटकलाई लोभ्याउने गरेको छ । दसैं बिदासँगै दैनिक सयौं पर्यटक मानुङकोट पुग्न थालेका छन् । पछिल्लो एक सातादेखि बढेको पर्यटकीय चहलपहलले यस क्षेत्रको पर्यटन सम्भावना उजागर गरेको छ । यो दृश्य केवल पर्यटकको भीड बढेको संकेत होइन, ग्रामीण अर्थतन्त्रलाई चलायमान बनाउने अवसर पनि हो । कुनै समय खानेपानी र पूर्वाधारको अभावले बासिन्दा गाउँ छाड्न बाध्य भएको मानुङकोट अहिले पर्यटनका कारण नयाँ जीवन पाउने अवस्थामा पुगेको छ । गाउँमा होटल तथा अन्य व्यवसाय सञ्चालन हुन थालेका छन् । एक दर्जनभन्दा बढी होटल सञ्चालनमा रहनुले स्थानीयस्तरमा रोजगारी र आम्दानीका अवसर बढेको देखाउँछ । पर्यटकको आगमनसँगै स्थानीय उत्पादन, कृषि उपज र सेवाको माग बढ्न सक्छ । यसले गाउँमै बसेर केही गर्ने चाहना भएका युवालाई अवसर प्रदान गर्नुका साथै बसाइँसराइको चाप घटाउनसमेत सहयोग पुऱ्याउन सक्छ।

पर्यटनको सम्भावना पहिचान गर्दै व्यास नगरपालिकाले मानुङकोटलाई पर्यटकीय गाउँका रूपमा विकास गर्ने योजना अघि सारेको छ । नगर विकास कोषको बजेटअन्तर्गत एकीकृत जग्गा विकास आयोजना र पहाडी बस्ती विकास कार्यक्रमका लागि स्थलगत अध्ययन भइरहेको छ । सहरी विकास मन्त्रालयको सहयोगमा सडक कालोपत्र गरिएको छ । कठिन भूभागमा आरसिसी ढलान, दृश्यावलोकन स्तम्भ तथा रेलिङसहितको पैदलमार्ग निर्माणले पर्यटकका लागि सहजता थपेको छ । त्यस्तै, खानेपानी योजना निर्माण कार्य समेत चलिरहेको छ। यी प्रयासले मानुङकोटको विकासका लागि आधार तयार गरेका छन् । अब यस्ता योजनालाई समयमै सम्पन्न गरी प्रभावकारी उपयोग र नियमित मर्मतसम्भारमा ध्यान दिनुपर्छ । तर, सडक, होटल र अन्य भौतिक संरचना निर्माण हुँदैमा कुनै ठाउँ दिगो पर्यटकीय गन्तव्य बन्न सक्दैन। पर्यटनको वास्तविक सफलता स्थानीय समुदायले पाउने लाभ, प्राकृतिक वातावरणको संरक्षण र सांस्कृतिक पहिचानको निरन्तरतासँग जोडिएको हुन्छ । मानुङकोटमा पर्यटकको चहलपहल बढ्दै जाँदा फोहोर व्यवस्थापन, खानेपानीको पर्याप्तता, शौचालय, पार्किङ, सुरक्षित पैदलमार्ग र व्यवस्थित बस्ती विकासलाई प्राथमिकता दिन आवश्यक छ। पर्यटकको संख्या बढ्ने तर त्यसअनुसार आधारभूत सेवा र व्यवस्थापन विस्तार नहुने हो भने आकर्षणसँगै समस्या पनि बढ्न सक्छ । प्लास्टिकजन्य फोहोर, अव्यवस्थित निर्माण र जथाभावी सडक विस्तारले यहाँको प्राकृतिक सौन्दर्यमा असर पार्न सक्छ ।

मानुङकोटको अर्को विशेषता यसको पौराणिक तथा सांस्कृतिक सम्बन्ध हो । पराशर ऋषि र सत्यवतीसँग जोडिएको किंवदन्तीले यस क्षेत्रलाई धार्मिक र सांस्कृतिक महत्त्व प्रदान गरेको छ । कुहिरोसँग जोडिएको यस कथाले मानुङकोट र दमौली क्षेत्रको पहिचानलाई थप विशिष्ट बनाएको छ । प्राकृतिक दृश्यसँगै यस्ता ऐतिहासिक तथा सांस्कृतिक पक्षलाई व्यवस्थित रूपमा पर्यटकीय गतिविधिसँग जोड्न सके पर्यटकलाई नयाँ अनुभव दिन सकिन्छ । स्थानीय कथा, परम्परा, पहाडी जीवनशैली, मौलिक घर र खानपानको संरक्षण गर्दै पर्यटन प्रवर्द्धन गर्नुपर्छ। आधुनिक संरचना निर्माण गर्ने नाममा मौलिकता हराउने अवस्था आउन दिनु हुँदैन। मानुङकोटको आकर्षण कुहिरो र सूर्योदयमा मात्र सीमित छैन, यसको आफ्नै सामाजिक र सांस्कृतिक पहिचान पनि छ । यसका लागि स्थानीय सरकार, समुदाय र निजी क्षेत्रबीच सहकार्य आवश्यक छ । नगरपालिकाले स्पष्ट गुरूयोजना बनाएर बस्ती विकास, होटल सञ्चालन, फोहोर व्यवस्थापन र प्राकृतिक सम्पदा संरक्षणलाई एकीकृत रूपमा अघि बढाउनुपर्छ। स्थानीयलाई पर्यटनसम्बन्धी तालिम, उद्यम सञ्चालनका अवसर र स्थानीय उत्पादनको बजारीकरणमा सहयोग गर्नुपर्छ । होटल तथा पर्यटन व्यवसायीले पनि गुणस्तरीय सेवा, उचित मूल्य र स्वच्छ वातावरण कायम गर्न जिम्मेवार भूमिका निर्वाह गर्नुपर्छ ।

पर्यटनबाट हुने आम्दानीको लाभ स्थानीय किसान, युवा, महिला र साना उद्यमीसम्म पुग्ने व्यवस्था मिलाउन सके मात्र पर्यटनको विकास समावेशी बन्न सक्छ । मानुङकोट अहिले सम्भावनाको नयाँ मोडमा उभिएको छ । यहाँको बढ्दो पर्यटकीय आकर्षणलाई व्यवस्थित योजना, गुणस्तरीय सेवा र स्थानीय सहभागितासँग जोड्न सकियो भने यसले तनहुँको अर्थतन्त्रमा महत्त्वपूर्ण योगदान पुऱ्याउन सक्छ। तर आजको लोकप्रियतालाई नै स्थायी सफलता ठान्नु हुँदैन । प्राकृतिक सौन्दर्य जोगाउँदै पूर्वाधार विस्तार गर्ने, सांस्कृतिक सम्पदा संरक्षण गर्ने र स्थानीयको जीवनस्तर उकास्ने काम सँगसँगै अघि बढाउनुपर्छ । कुहिरो हटेपछि देखिने उज्यालो घामजस्तै मानुङकोटमा पनि समृद्धिको सम्भावना देखिएको छ। त्यो सम्भावनालाई वास्तविकतामा बदल्ने आधार भनेको योजनाबद्ध विकास, वातावरणीय जिम्मेवारी र समुदायको साझा प्रयास हो। यही बाटो अपनाउन सके मानुङकोट तनहुँको गौरव मात्र नभई नेपालकै नमुना पहाडी पर्यटकीय गन्तव्य बन्न सक्छ।

नेपाल आर्थिक मन्दीमा गएको हो ?

हालैका वर्षहरूमा नेपाली अर्थतन्त्रले जुन गहिरो आर्थिक शिथिलता, सुस्त बजार गतिशीलता र संरचनागत अवरोधहरूको सामना गरिरहेको छ, यसले नीति निर्माता, अर्थशास्त्री, उद्यमी र सर्वसाधारण नागरिकमा गम्भीर चिन्ता पैदा गरेको छ । लामो समयदेखि उपभोग्य वस्तुको मागमा आएको निरन्तर कमी, उत्पादनमूलक उद्योगहरूको क्षमता उपयोगमा आएको भारी ह्रास, बैंकिङ क्षेत्रमा थुप्रिएको अधिक तरलता (Excess Liquidity) तथा निजी क्षेत्रको मनोबलमा आएको व्यापक गिरावटले नेपालको अर्थतन्त्र प्राविधिक मन्दी (Recession) को घेरामा छ वा दीर्घकालीन आर्थिक शिथिलता (Economic Stagnation) बाट गुज्रिरहेको छ भन्ने विषयमा बहस हुनु जरूरी छ।

यस पृष्ठभूमिमा नेपालको वर्तमान आर्थिक स्थितिका विभिन्न प्रवृत्तिहरू प्रवृत्तिहरूको विश्लेषण, अन्तर्निहित संरचनागत कारणहरू, यसले अर्थतन्त्रमा पारेको दीर्घकालीन असर र समाधानका मार्गहरू पहिल्याउनु अपरिहार्य भएको छ ।

उपभोगमा आएको संकुचन र उत्पादनमूलक उद्योगहरूको दयनीय अवस्था

अर्थतन्त्रको मेरूदण्ड मानिने उपभोग (Consumption) र उत्पादन क्षेत्र गहिरो दबाबमा छन्। अर्थतन्त्रको समग्र माग (Aggregate Demand) लाई ड्राइभ गर्ने मुख्य आधार भनेको उपभोग (Consumption) हो । तर, पछिल्लो समय रेमिट्यान्स आप्रवाहमा केही कीर्तिमान वृद्धि देखिए पनि यसले आन्तरिक उत्पादनशील क्षेत्रलाई चलायमान बनाउन सकेको छैन ।

रेमिट्यान्सको ठुलो हिस्सा दैनिक उपभोग्य वस्तुको आयात, शिक्षा र वैदेशिक रोजगारीको खर्चमा मात्र सीमित हुँदा त्यसको गुणित प्रभाव (Multiplier Effect) आन्तरिक बजारमा देखिएको छैन। रेमिट्यान्स बाह्य क्षेत्रको सन्तुलनमा मात्र सीमित रह्यो ।


उद्योगहरूको उत्पादन क्षमतामा भारी गिरावट आएको छ । सिमेन्ट, स्टिल, छड, टेक्सटाइल, जुत्ता तथा छाला र विभिन्न (छिटो खपत हुने उपभोक्ता वस्तु) फास्ट मुभिङ कन्ज्युमर गुड्स (FMCG) जस्ता प्रमुख उत्पादनमूलक उद्योगहरूले आफ्नो कुल स्थापित क्षमताको ३० देखि ४० प्रतिशतभन्दा बढीमा सञ्चालन गर्न सकेका छैनन् । माग नभएपछि उत्पादन घटाउनु परेको र धेरै उद्योगहरू घाटामा चल्न बाध्य भएको उद्योगीहरूको साझा गुनासो छ।

उच्च मुद्रास्फीति, वास्तविक आम्दानीमा भएको सुस्त वृद्धि र रोजगारीका अवसरहरूको कमीले गर्दा आम उपभोक्ताले आफ्नो क्रयशक्ति गुमाएका छन्। आम उपभोक्ताले आफ्नो उपभोग खर्च कटौती गरेका छन् । फलस्वरूप, चाडपर्व वा विशेष अवसरहरूमा समेत बजारमा जुन प्रकारको

बैंकिङ प्रणालीमा अधिक तरलता र लगानीको गहिरो विरोधाभास

नेपाली अर्थतन्त्रले भोगिरहेको वर्तमान संकटको सबैभन्दा अनौठो र विरोधाभास पक्ष भनेको बैंक तथा वित्तीय संस्थाहरूमा पर्याप्त लगानीयोग्य पुँजी (Liquidity) को थुप्रिनु, तर उत्पादनमूलक क्षेत्रमा कर्जा विस्तार हुन नसक्नु हो ।

बैंकहरूमा निक्षेपको थुप्रो लागेपछि ब्याजदर घटेर एकल अंकमा झरेको छ। आर्थिक सिद्धान्तअनुसार कम ब्याजदरले नयाँ लगानी र कर्जा प्रवाह बढाउनुपर्ने हो। तर, बजारमा मागको गहिरो अनिश्चितता, भविष्यप्रतिको निराशा र उद्यमीहरूको जोखिम बहन गर्ने क्षमता (Risk-taking Appetite) खस्किएका कारण व्यवसायीहरू नयाँ ऋण लिएर जोखिम मोल्न तयार छैनन्। कम ब्याजदरको प्रभावहीनता देखिएको छ ।



निष्क्रिय कर्जा (NPL) को उकालो यात्रा निरन्तर रहेको छ । बजारको सुस्तताका कारण ऋणीहरूले समयमै साँवा र ब्याज तिर्न नसक्दा बैंक तथा वित्तीय संस्थाहरूमा निष्क्रिय कर्जा वा खराब कर्जाको मात्रा चिन्ताजनक रूपमा बढेको छ। यसले वित्तीय मध्यस्थतालाई कमजोर बनाउनुका साथै बैंकहरूको नाफा र वित्तीय स्वास्थ्यमा समेत प्रत्यक्ष असर पारेको छ।

निजी क्षेत्रको खस्किएको मनोबल र नीतिगत अनिश्चितता

निजी क्षेत्रलाई अर्थतन्त्रको इन्जिन (Engine of Growth) मानिन्छ । कुल गार्हस्थ उत्पादन र रोजगारी सिर्जनामा ८० प्रतिशतभन्दा बढी योगदान पुऱ्याउने निजी क्षेत्रको मनोबल अहिले अत्यधिक खस्किएको छ । नीतिगत अनिश्चितता, कर प्रणालीका जटिलताहरू, बजारमा देखिएको तरलता व्यवस्थापनका समस्या र भुक्तानी सन्तुलनका बेला देखिएका नियन्त्रणमुखी नीतिहरूले निजी क्षेत्रको आत्मविश्वासमा ठुलो धक्का पुऱ्याएको छ।

उद्यमी तथा व्यवसायीहरू नयाँ परियोजना वा उद्योगमा पुँजी लगानी गर्नुको सट्टा भएको व्यवसायलाई जोगाउने र पुँजीको सुरक्षा गर्ने (Defensive Strategy) सुरक्षात्मक रणनीतिको अवस्थामा पुगेका छन्। लगानीमा सुस्तता देखिएको छ । नीतिगत अस्थिरता, कर प्रशासनका जटिल प्रक्रियाहरू, नियमनकारी निकायहरूको दोहोरो मापदण्ड र बजारमा देखिएको अविश्वासले निजी क्षेत्रलाई हतोत्साहित बनाएको छ ।

अर्थतन्त्र बौद्धिक तथा श्रम पलायनको प्रवृत्ति गहिरिएको छ। आन्तरिक श्रम बजारमा रोजगारीका अवसरहरू खुम्चिँदै जाँदा नेपालका लाखौं युवाहरू र दक्ष जनशक्तिहरू (इन्जिनियर, डाक्टर, प्राविधिक तथा व्यवस्थापकहरू) अध्ययन र रोजगारीका लागि बिदेसिने क्रमले चरम रूप लिएको छ। यसले एकातिर श्रम बजारमा उत्पादक जनशक्ति अभाव गराएको छ भने अर्कोतिर दीर्घकालीन उत्पादकत्वमा अपूरणीय क्षति पुऱ्याइरहेको छ।

आर्थिक मन्दी (Recession) र आर्थिक शिथिलता (Stagnation) बिचको प्राविधिक बहस

अर्थशास्त्रको शास्त्रीय र प्राविधिक परिभाषा अनुसार लगातार दुई वा बढी त्रैमासिकसम्म कुल गार्हस्थ उत्पादन जीडीपी) को वृद्धिदर ऋणात्मक हुनुलाई मात्र 'मन्दी' भनिन्छ । नेपालको सन्दर्भमा वार्षिक कुल गार्हस्थ उत्पादनको वृद्धिदर न्यून मात्रामा भए पनि धनात्मक नै रहेको कारण धेरैजसो सरकारी निकायहरू र केही अर्थविद्हरू देश 'मन्दीमा गएको छ' भनिहाल्न हिचकिचाउँछन्।

तर, अर्थशास्त्रीय परिभाषा जे भए पनि, धरातलीय यथार्थ के हो भने नेपालले वर्तमानमा 'आर्थिक शिथिलता र चक्रीय मन्दीको सम्मिश्रण' (Stagnation with Cyclical Slump) को अत्यन्त गम्भीर चरण पार गरिरहेको छ, जसको असर सर्वसाधारणको जीवनस्तर र व्यवसायमा मन्दीकै सरह महसुस भइरहेको छ । सर्वसाधारण नागरिकका लागि रोजगार गुम्नु, आम्दानी घट्नु र व्यवसाय टाट पल्टिनु भनेको प्राविधिक मन्दी भन्दा कम पीडादायी छैन।

संकट समाधानका लागि दूरगामी आर्थिक उपायहरू

नेपालको वर्तमान आर्थिक समस्या केवल क्षणिक वा चक्रीय मात्र नभई गहिरो संरचनागत प्रकृतिको पनि हो। यस चक्रब्युहबाट अर्थतन्त्रलाई बाहिर निकाल्न र आम जनता तथा निजी क्षेत्रमा नयाँ आशा जगाउन निम्नलिखित नीतिगत कदमहरू तत्काल चालिनु अपरिहार्य छः

वित्तीय नीति (Fiscal Policy) मार्फत पुँजीगत खर्चको तीव्रता: मौद्रिक

बाँकी तेश्रो पेजमा

तपाईको आज

मेष
आफ्ना कमजोरी बाहिर आउनाले समस्या पर्नेछ। अवसरका लागि विवादास्पद जिम्मेवारी वहन गर्नुपर्ला।

वृष
समयमा लगनशील बन्न नसक्ता पछि परिनेछ। पुरानो हिसाबकिताबले विवाद निम्त्याउन सक्छ।

मिथुन
सहयोगीहरूले राम्रो साथ दिनेछन् भने पहिलेको सफलताले पनि थप काम गर्न हौसला प्रदान गर्नेछ।

कर्कट
दोहोर्याएर प्रयत्न गर्दा रोकिएको काम सम्पादन हुन सक्छ। प्रतिस्पर्धीले पनि असल काममा साथ दिनेछन्।

सिंह
नयाँ योजना प्रारम्भ गर्न उपयुक्त साइत पर्खनुहोला। नतिजा सच्याउन काम दोहोर्याउनुपर्ला।

कन्या
परिस्थितिवश चिताएको काम रोकिन सक्छ। आफ्नो मिहिनेतबाट अरूले फाइदा उठाउने चेष्टा गर्नेछन्।

तुला
आफन्तसँग असमझदारी बढ्न सक्छ। निम्तो प्राप्त भए पनि आतिथ्य खर्चिलो बन्ने देखिन्छ।

वृश्चिक
रमाइलो क्षणमा पनि मन खिन्न रहनेछ। केही अप्ठ्यारा परिस्थिति आउनाले सोचेको लाभ नमिल्न सक्छ।

धनु
स्वास्थ्य कमजोर बन्नाले चिताएको काम रोकिन सक्छ। श्रम गरीकन चिताएको मूल्य प्राप्त नहुन सक्छ।

मकर
काम पूरा नभए पनि आंशिक फाइदा हुनेछ। शत्रुहरूको चलखेल भने बढ्न सक्छ, सजग रहनुहोला।

कुम्भ
अवसर प्राप्त हुनुका साथै भाग्यले साथ दिनेछ। प्रयत्न गरेका काम सजिलै सम्पादन हुनेछन्।

मीन
विचारले धेरैलाई आकर्षण गर्ने समय छ। बोलीको भरमा चिताएको काम सम्पादन हुन सक्छ।

बंगालको खाडीमा चक्रवातको प्रभाव : बिहीबारदेखि वर्षाको जोखिम

धान थन्क्याउन र हिमाली यात्रामा सावधानी अपनाउन मौसमविद्को आग्रह, पाँच प्रदेशमा बढी प्रभाव पर्न सक्ने

भञ्ज्याङ समाचारदाता/काठमाडौं

दसैँपछि खुलेको मौसम फेरि बदलिने संकेत देखिएको छ। बंगालको खाडीमा विकसित न्यूनचापीय प्रणाली शक्तिशाली चक्रवातमा परिणत हुने क्रममा रहेकाले बुधबारदेखि नेपालमा बादल लाग्ने र बिहीबारदेखि वर्षाको प्रभाव बढ्ने जल तथा मौसम विज्ञान विभागले जनाएको छ ।

विभागका अनुसार प्रणालीको प्रभाव बिहीबार रातिदेखि शुक्रबार र शनिबारसम्म बढी देखिन सक्छ। यस अवधिमा कोशी, मधेश, बागमती, गण्डकी र लुम्बिनी प्रदेशका विभिन्न क्षेत्रमा वर्षा हुने सम्भावना छ । हिमाली भेगमा हिमपातसमेत हुन सक्ने भएकाले किसान, पदयात्री र पर्यटकलाई सतर्क रहन मौसमविद्ले आग्रह गरेका छन्।

विभागका मौसमविद् रोजन लामिछानेका अनुसार बुधबारदेखि नै देशका विभिन्न स्थानमा बादल लाग्ने र कतैकतै छिटपुट वर्षा हुने सम्भावना छ। बिहीबार दिउँसोदेखि कोशी, बागमती र गण्डकीका पहाडी तथा हिमाली भूभागमा वर्षाको प्रभाव बढ्न सक्ने उनले बताए । "बुधबार बादल लाग्ने, कतैकतै छिटपुट वर्षा हुने देखिन्छ । हिमाली केही ठाउँमा हिमपात पनि हुने सम्भावना छ", आइतबार बिहानको मौसमी बुलेटिनमा लामिछानेले भने, "बिहीबार यसको प्रभाव अझ बढ्छ।"

उनका अनुसार बिहीबार रातिदेखि शनिबारसम्म मौसम बढी प्रभावित हुन सक्ने भएकाले हिमाली क्षेत्रमा यात्रा गर्नेले विशेष सावधानी अपनाउनुपर्नेछ । पश्चिमतर्फ जाँदा प्रणालीको प्रभाव क्रमशः कम हुने अनुमान गरिएको छ ।

पाकेको धान थन्क्याउन आग्रह


वर्षाको सम्भावना बढेसँगै खेतमा पाकेर काट्न बाँकी रहेको धान तथा काटेर सुकाउन राखिएको बालीमा क्षति पुग्न सक्ने चिन्ता बढेको छ । अहिले धान काट्ने समय र हिमाली क्षेत्रमा पर्यतारोहण तथा पदयात्राको यामसमेत भएकाले मौसमको पूर्वानुमानलाई ध्यान दिन मौसमविद्ले आग्रह गरेका छन् ।

लामिछानेले वर्षाको सम्भावित समयअघि नै धान थन्क्याउन र हिमाली यात्रामा निस्कनेले मौसमको अवस्था बुझेर मात्र यात्रा तय गर्न सुझाव दिए । यात्रामा रहेका पर्यटक तथा पदयात्रीलाई पनि मौसम प्रतिकूल भए सुरक्षित स्थानमा बस्न उनले आग्रह गरे ।

उनले भने, "बिहीबारदेखि शनिबारसम्म प्रभाव बढी देखिने भएकाले त्यो समयअघि नै धान थन्क्याए राम्रो हुन्छ । नभए प्रभाव सकिएपछि योजना बनाउनुहोला।"

मौसमविद् विनोद पोखरेलले पनि विभिन्न मौसमी मोडेलले बिहीबारदेखि शनिबारसम्म वर्षाको सम्भावना देखाएको बताएका छन्। उनको विश्लेषणअनुसार काठमाडौंसहित कोशी, मधेश, बागमती, गण्डकी र लुम्बिनीका विभिन्न जिल्लामा वर्षाको जोखिम रहन सक्छ ।

पोखरेलका अनुसार सुदूरपश्चिम र कर्णालीमा तुलनात्मक रूपमा कम प्रभाव देखिए पनि लुम्बिनीका पूर्वी भूभागदेखि कोशी प्रदेशसम्म वर्षाको सम्भावना छ । बंगालको खाडीबाट आएको प्रणाली र माथिल्लो वायुमण्डलको न्यूनचापीय रेखाबीच अन्तरक्रिया भए वर्षाको मात्रा थप बढ्न सक्ने उनको विश्लेषण छ। यद्यपि, वर्षाको वास्तविक मात्रा र प्रभाव पर्ने स्थानबारे थप मौसमी विवरणका आधारमा मात्र यकिन गर्न सकिने मौसमविद्हरूले बताएका छन् ।



बंगालको खाडीमा शक्तिशाली बन्दै प्रणाली

भारतीय मौसम विज्ञान विभागका अनुसार बंगालको खाडीको मध्यपूर्वी तथा आसपासको दक्षिणपूर्वी क्षेत्रमा विकसित न्यूनचापीय प्रणाली क्रमशः शक्तिशाली बन्दै गएको छ। आइतबार गहिरो न्यूनचापीय प्रणालीमा परिणत हुने र सोमबार बिहानसम्म मध्यपश्चिमी बंगालको खाडीमा चक्रवात बन्न सक्ने अनुमान गरिएको छ ।

पश्चिम-उत्तरपश्चिम दिशातर्फ अघि बढ्ने क्रममा प्रणाली थप शक्तिशाली हुँदै बुधबार बिहानसम्म आन्द्र प्रदेशको तटीय क्षेत्रनजिक पुग्ने अनुमान छ । त्यसपछि भारतको उत्तर आन्द्र प्रदेश र दक्षिण ओडिशाको आसपासको तटीय क्षेत्र पार गर्ने सम्भावना रहेको भारतीय मौसम विज्ञान विभागले जनाएको छ ।

विभागका मौसमविद् डेभिड ढकालले पनि बंगालको खाडीमा विकसित प्रणालीको प्रभाव नेपालमा देखिन सक्ने बताएका छन् । उनका अनुसार सुरूमा कोशी, मधेश, बागमती र गण्डकी आसपासका क्षेत्रमा प्रभाव देखिएर क्रमशः पश्चिमतर्फ फैलिन सक्ने सम्भावना छ । तर, वर्षाको मात्रा र जोखिमको स्तर अहिले नै निश्चित गर्न नसकिने उनको भनाइ छ ।

नेपालबाट अक्टोबर १४ मा मनसुन पूर्ण रूपमा बाहिरिएको थियो । त्यसपछि मौसम खुल्दै गए पनि बंगालको खाडीमा विकसित नयाँ प्रणालीका कारण फेरि वर्षा र हिमपातको सम्भावना देखिएको हो । सम्भावित मौसम परिवर्तनलाई ध्यानमा राख्दै किसानले कृषि उपज सुरक्षित राख्ने, हिमाली यात्रामा निस्कनेले मौसमको अद्यावधिक जानकारी लिने र सम्बन्धित निकायले जारी गर्ने पूर्वसूचनालाई पालना गर्ने तयारी गर्नुपर्ने देखिएको छ ।

दुईतिहाइको दम्भ देखाए .....

बैकुण्ठ न्यौपाने, जिल्ला उपसभापति एवं ऋषिङ गाउँपालिका अध्यक्ष राजेन्द्रकृष्ण श्रेष्ठ, गण्डकी प्रदेशसभा सदस्य श्यामराजा महतलगायतले शुभकामना मन्तव्य व्यक्त गरेका थिए ।

कार्यक्रममा कांग्रेसका निवर्तमान केन्द्रीय सदस्य ध्रुव वाग्ले र कृष्ण केसी, शुक्लागण्डकी नगरप्रमुख कृष्णराज पण्डित तथा विभिन्न राजनीतिक दलका प्रतिनिधि, उद्योगी, व्यवसायी लगायतको सहभागिता रहेको थियो ।

राजनीतिक दलबीच आपसी सम्बन्ध सुदृढ गर्ने, चाडपर्वको खुसी साटासाट गर्ने र सामाजिक सद्भाव कायम गर्ने उद्देश्यले पहिलोपटक स्थानीयस्तरमा कार्यक्रम आयोजना गरिएको आयोजकले जनाएको छ। आगामी वर्ष पनि कार्यक्रमलाई निरन्तरता दिने नगर कार्यसमितिले जनाएको छ ।

बन्दीपुरमा पर्यटकको .....

बन्दीपुरको आर्थिक गतिविधिमा थप टेवा पुग्ने अपेक्षा गरिएको छ । स्थानीय उत्पादन, परिकार, होमस्टे र आसपासका पर्यटकीय स्थललाई एकीकृत रूपमा प्रवर्द्धन गर्न सके पर्यटकको बसाइ लम्ब्याउन र स्थानीय व्यवसायको आम्दानी बढाउन सकिने सम्भावना छ ।

प्राकृतिक सुन्दरता, ऐतिहासिक बस्ती र मौलिक संस्कृतिको संगम बनेको बन्दीपुरमा चाडपर्वको बिदाले पर्यटकीय चहलपहल बढाएको छ। अब यस अवसरलाई दिगो पर्यटन विकाससँग जोड्दै स्थानीय समुदायको आयआर्जन र रोजगारी विस्तारमा उपयोग गर्नु आवश्यक देखिन्छ ।

पत्रिका नआइपुगे, ग्राहक बन्नु परेमा तथा विज्ञापन प्रकाशित गर्नु परेमा ।
सम्पर्क : ०६५-५६३९०७
www.bhanjyangnews.com
E-mail : bhanjyangdml@gmail.com

नेपाल आर्थिक मन्दीमा .....

नीतिको मात्र भर नपरिकन सरकारले आफ्नो पुँजीगत खर्च गर्ने क्षमतामा चमत्कारिक सुधार ल्याउनुपर्छ। ठुला र रणनीतिक पूर्वाधार आयोजनाहरूलाई निर्धारित समयमै सम्पन्न गरेर बजारमा नगद प्रवाह (Cash Flow) बढाउनु पर्छ । विकास निर्माणका अधुरा आयोजनाहरूलाई पूर्णता दिएर बजारमा तरलतालाई उत्पादनमूलक रोजगारी सिर्जनामा रूपान्तरण गर्नुपर्छ ।

व्यापारिक तथा लगानीमैत्री वातावरणको सिर्जना: कर प्रणालीलाई पारदर्शी, सरल र अनुमानयोग्य बनाउने, अनावश्यक ब्युरोक्याटिक प्रक्रियालाई कटौती गर्ने र निजी क्षेत्रको मनोबल उच्च राख्न सरकार-निजी क्षेत्रबिचको अविश्वासको खाडल मेट्न उच्चस्तरीय संवाद संयन्त्र निर्माण गरिनुपर्छ।

आन्तरिक उत्पादन र रोजगारीमुखी अर्थतन्त्र: आयातमुखी परनिर्भर अर्थतन्त्रलाई फेर्दै कृषि आधुनिकीकरण, जलविद्युत, पर्यटन, र साना तथा मझौला उद्योग (SMEs)को प्रवर्द्धनमार्फत स्वदेशमै रोजगारी सिर्जना गर्ने नीति लिइनुपर्छ। घरेलु उत्पादनको प्रवर्द्धनमार्फत आन्तरिक अर्थतन्त्रलाई बलियो बनाउनु नै दीर्घकालीन समाधान हो ।

निष्कर्ष

नेपालको वर्तमान आर्थिक समस्या केवल चक्रीय मात्र नभई संरचनागत प्रकृतिको पनि हो। समयमै उपयुक्त, साहसी र सुधारमुखी आर्थिक कदमहरु चाल्न सकिएन भने यो दीर्घकालीन शिथिलताले मुलुकलाई थप गम्भीर आर्थिक तथा सामाजिक संकटतर्फ धकेल्न सक्छ। तसर्थ, नीति निर्माता, राजनीतिक नेतृत्व र सरोकारवालाहरूको सम्पूर्ण ध्यान अर्थतन्त्रको पुनरूत्थान र निजी क्षेत्रको मनोबल उकास्न केन्द्रित हुनुपर्ने आजको आवश्यकता हो । रातोपाटीबाट

स्तनपान र पुरक तथा थप खाना बारे जानकारी :

- जन्मेको १ घण्टा भित्र स्तनपान गराउन सुरू गर्ने ।
- जन्मेदेखि ६ महिनाको उमेरसम्म शिशुलाई आवश्यक पर्ने सम्पुर्ण पोषक तत्व आमाको दुधले नै प्रदान गर्ने भएकोले पुर्ण स्तनपान गराउने (अन्य कुनै खाना वा झोल कुरा नखुवाउने)
- ६ महिना पूरा भइसकेपछी बच्चालाई आमाको दुधले मात्र नपुग्ने भएकाले स्तनपानको साथ साथै थप आहार दिन सुरू गर्नु पर्छ
- पुरक तथा थप खाना खुवाउँदा ४ प्रकारका खानेकुरा (अन्न/कन्दमुल, गेडागुडी, हरियो सागपात/फलफुल र पशुजन्य खाना) मिसाएर खुवाउने ।
- ६-९ महिनाको बच्चाले कम्तिमा ३ पटक थप खाना खानु पर्दछ
- ९-१२ महिनाको बच्चाले कम्तिमा ३ पटक खाना र १ पटक खाजा खानु पर्दछ ।
- १२-२४ महिनाको बच्चाले कम्तिमा ३ पटक खाना र २ पटक खाजा खानु पर्दछ ।

बच्चालाई पुरक तथा थप खाना बनाउँदा २ बालबालिकाको चिन्ह भएको आयोडिन युक्त नुनको प्रयोग गर्नु पर्छ। साथै खाना खानु अघि पछि साबुन पानीले हात मिचिमिचि धुने र स्वच्छ पानीको प्रयोग गर्नु पर्छ ।

प्रदेश जनस्वास्थ्य कार्यालय तनहुँ
दमौली तनहुँ । गण्डकी प्रदेश

विशेषज्ञ चिकित्सकहरूद्वारा स्वास्थ्य उपचार सम्बन्धी सूचना

कात्तिक १३ गते शुक्रबार

१) काठमाडौं गंगालाल अस्पतालका वरिष्ठ मुटुरोग विशेषज्ञ डा. मुरारी दुङ्गानाद्वारा स्वास्थ्य परीक्षण हुने हुँदा सम्बन्धित विरामीले उपचार सेवा लिनुहोला ।

कात्तिक १४ गते शनिबार

१) गण्डकी मेडिकल कलेज पोखराका वरिष्ठ फिजिसियन, मधुमेह (सुगर) र थाइरोइड तथा हर्मोन रोग विशेषज्ञ प्रोफेसर डा. तिर्थलाल उपाध्याय आउनुहुने भएकाले सम्बन्धित रोगका विरामीले उपचार सेवा लिनुहोला ।

२) मणिपाल अस्पताल पोखराकी वरिष्ठ छाला, यौन, कुष्ट तथा सौन्दर्य रोग विशेषज्ञ डा. जयन्ती ज्वारचन आउनुहुनु भएकाले सुन्दर छाला, स्वास्थ्य यौन जीवन र कुष्ठमुक्त समाजको लागि समयमै परीक्षण गरौं ।

३) गण्डकी अस्पतालमा कार्यरत सर्जन, स्तन, स्त्री तथा प्रसुती रोग विशेषज्ञ डा. दिनेश शर्मा तिमिल्सेनाद्वारा स्वास्थ्य परीक्षण गरिन्छ। *गर्भवती महिलाको महिनावारी जाँच, तल्लो पेट देख्ने, सेतो पानी बग्ने, पाठेघर तल झर्ने, सेतो पानीको जाँच (PAP SMEAR) गर्ने, स्तन दुख्ने र गाँठागुठी आउने, महिनावारी गडबढ हुने र महिनावरी हुँदा पेट दुख्ने आदी समस्या भएका विरामीहरूले उपचार सेवा लिनुहोला ।*

हाम्रा उपलब्ध सेवाहरू :

१) भिडियो एक्सरे २) आधुनिक प्रयोगशाला सेवा (रगत, दिशा, पिसाव, विर्य, खकार परीक्षण गरिन्छ) ३) इ.सि.जी. सेवा, मुटुको जाँच, ४) इको (ECHO) गंगालाल हस्पिटलका डा.द्वारा मुटुको भिडियो एक्सरे गरिन्छ ५) माइनर अपरेशन सेवा तथा प्लास्टर, ड्रेसिङ्ग, स्टेचिङ्ग आदी सेवा, ६) नेबुलाइजर सेवा, ७० किशोर किशोरीहरूलाई यौन तथा प्रजनन् स्वास्थ्य सम्बन्धी निःशुल्क परामर्श सेवा, ७) परिवार नियोजनका अस्थायी स्वास्थ्य सेवा तथा सुविधा ८) गुणस्तरीय फार्मेसी सेवा

नोट : फोनबाट पनि नाम टिपाउन सक्नुहुनेछ ।

मिर्लुङ पोलिक्लिनिक प्रा.लि. व्यास-२, अमरसिंह मार्ग, दमौली । फोनः ०६५-५६४५७८, ९८४६०६२४६५, ९८४६७७०४७२



जि.का.कास्की द.नं. ११/२०३९/०४०,
जि.प्र.का. तनहुँको स्वीकृत मितिः २०५९/०३/२४, त.जि.हु.द.नं. २/२०७८/०७९



पाक्यो धान

तनहुँको शुक्लागण्डकी नगरपालिका-८ स्थित ढोरफिर्दी फाँटमा धान काट्दै स्थानीय किसान । बंगालको खाडीमा विकसित न्यूनचापीय प्रणाली शक्तिशाली चक्रवातमा परिणत हुने क्रममा रहेकाले बुधबारदेखि नेपालमा बादल लाग्ने र बिहीबारदेखि वर्षाको प्रभाव बढ्ने जल तथा मौसम विज्ञान विभागले जनाएसंगै किसानलाई पाकेको धानखेती कसरी थन्काउने भन्ने चिन्ता बढ्न थालेको छ ।

तस्विर : भञ्ज्याङ

रसुवा-भोटेकोशी बाढीले निजी सम्पत्तिमा ७९ अर्बको क्षति

जग्गाजमिनमा मात्रै ३५ अर्ब नोक्सानी, ६ हजार ८१७ घरपरिवार प्रभावित

भञ्ज्याङ समाचारदाता/काठमाडौं

गत भदौ १० मा आएको रसुवा-भोटेकोशी बाढीले सर्वसाधारणको निजी सम्पत्तिमा मात्रै ७९ अर्ब १७ करोड रूपैयाँ बराबरको क्षति पुऱ्याएको प्रारम्भिक अनुमान गरिएको छ। राष्ट्रिय योजना आयोगले सार्वजनिक गरेको विपद्पछिको आवश्यकता मूल्यांकन (पीडीएनए) अन्तर्गतको घरधुरी सर्वेक्षणले यस्तो देखाएको हो ।

आयोगका अनुसार कुल क्षतिमध्ये ६९ अर्ब ५७ करोड रूपैयाँ घरपरिवारको र नौ अर्ब ६० करोड रूपैयाँ व्यवसाय तथा प्रतिष्ठानको सम्पत्तिमा भएको छ। यसमा सडक, जलविद्युत् तथा अन्य सार्वजनिक पूर्वाधारको क्षति समावेश छैन ।

बाढीबाट रसुवा, नुवाकोट, धादिङ र गोरखाका १५ स्थानीय तहका ६ हजार ८१७ घरपरिवार र एक हजार ६३८ व्यवसाय प्रभावित भएका छन् । प्रत्यक्ष प्रभावित हुनेको संख्या ३२ हजार ८७२ रहेको आयोगले जनाएको छ।



आर्थिक मूल्यका आधारमा सबैभन्दा बढी क्षति जग्गाजमिनमा भएको छ । तीन हजार ६१० परिवारको ५०८ हेक्टर जमिनमा क्षति पुग्दा ३५ अर्ब ४४ करोड रूपैयाँ बराबरको नोक्सानी भएको छ । घर रहेको जग्गामा १३ अर्ब २६ करोड र भवन निर्माणमा भएको लगानीका आधारमा ११ अर्ब ९५ करोड रूपैयाँ बराबरको क्षति अनुमान गरिएको छ ।

बाढीले चार हजार १५१ भवन संरचनामा क्षति पुऱ्याएको छ । तीमध्ये दुई हजार ९८९ संरचना पूर्ण रूपमा क्षतिग्रस्त भएका छन् भने तीन हजार १०४ संरचना पुनः प्रयोग गर्न नसकिने अवस्थामा रहेको आयोगको विवरण छ ।

त्यस्तै, बालीमा २३ करोड २१ लाख, भण्डारण गरिएको खाद्यान्नमा १० करोड ४१ लाख तथा पशुपन्छी र माछापालनमा २१ करोड ४२ लाख रूपैयाँ बराबरको क्षति भएको छ। व्यवसायीका ४०३ सवारीसाधनमा ९४ करोड रूपैयाँ बराबरको नोक्सानी पुगेको छ ।

क्षतिको विस्तृत मूल्यांकन र पुनर्निर्माणका लागि आवश्यक वित्तीय स्रोत पहिचान गर्न सरकारले पीडीएनए तयार गर्ने निर्णय गरे अनुसार आयोगले प्रभावित क्षेत्रमा तथ्याङ्क संकलन गरेको हो । प्रारम्भिक तथ्याङ्क प्रशोधन तथा विश्लेषण भइरहेको आयोगले जनाएको छ ।

निजी सम्पत्तिमा मात्रै यति ठूलो क्षति देखिएकाले प्रभावित परिवारको पुनःस्थापना, आवास पुनर्निर्माण र जीविकोपार्जनलाई पुरानै अवस्थामा फर्काउन ठूलो स्रोत आवश्यक पर्ने देखिएको छ । सार्वजनिक पूर्वाधारसहित अन्य क्षेत्रको क्षति समेटिएपछि समग्र पुनर्निर्माणको आवश्यकता अझ बढ्न सक्नेछ ।

मधुमेह (डायबिटिज) बाट बचौं

मधुमेहले,

- शरीरका विभिन्न अंगमा क्षति पुऱ्याउने,
- मुटु, मृगौलाले काम नगर्ने,
- अन्धोपन, पक्षघात लगायतका जोखिम बढाउन सक्छ ।



मधुमेहबाट बच्न,

- शरीरको तौल सन्तुलित राखौं,
- चिल्लो तथा चिनीजन्य परिकार कम खाऔं,
- जङ्कफुड, प्रशोधित तथा तारेका पदार्थहरु नखाऔं,
- धुम्रपान, मद्यपान नगरौं ।

तनाव व्यवस्थापन, नियमित व्यायाम एवम् स्वास्थ्य परीक्षण गरौं ।

नेपाल सरकार
विज्ञापन बोर्ड

एनपीएल विजेताले डेढ करोड पुरस्कार पाउने

भञ्ज्याङ समाचारदाता/काठमाडौं

नेपाल प्रिमियर लिग(एनपीएल) क्रिकेटको तेस्रो संस्करणको उपाधि जित्ने टोलीले डेढ करोड रूपैयाँ पुरस्कार पाउने भएको छ । नेपाल क्रिकेट संघ (क्यान)ले प्रतियोगिताको पुरस्कार राशि सार्वजनिक गर्दै विजेतालाई एक करोड ५० लाख रूपैयाँ दिने घोषणा गरेको हो ।

क्यानले पत्रकार सम्मेलनमार्फत सार्वजनिक गरेको पुरस्कार विवरणअनुसार उपविजेता टोलीले ८० लाख रूपैयाँ प्राप्त गर्नेछ । त्यस्तै, प्रतियोगितामा तेस्रो हुने टोलीले ४० लाख र चौथो स्थान हासिल गर्ने टोलीले ३० लाख रूपैयाँ पुरस्कार पाउनेछन्।

आठ टोलीको सहभागिता रहने प्रतियोगिता सोमबारदेखि सुरू हुँदैछ। उपाधिका लागि सहभागी टोलीबीच प्रतिस्पर्धा हुनेछ ।

एनपीएलको पहिलो संस्करणको उपाधि जनकपुर बोल्ट्सले जितेको थियो भने दोस्रो संस्करणको उपाधि लुम्बिनी लायन्सले आफ्नो नाममा गरेको थियो। तेस्रो संस्करणमा कुन टोलीले उपाधि जित्दै इतिहास बनाउने हो भन्ने चासो क्रिकेटप्रेमीमाझ बढेको छ।

facebook twitter



Sanjeev
x.com/sanpokh

१. छिमेकी देशहरूबिचका सम्बन्धमा कुनै निश्चित समय वा युगमा एक निश्चित प्रवृत्ति कायम गर्न सकिन्छ भन्ने बुझाइ गलत हो । यो गतिशील कुरा हो ।

२. नरेन्द्र मोदीले ठुलो तामझामका साथ नेपाल भ्रमण गरेको केही महिना नबित्दै भारतले नेपालमाथि अमानवीय नाकाबन्दी लगाएको हो। भारतको उसका कुनै देशसँग सुमधुर सम्बन्ध छैन । दक्षिण एसियामा भारतविरोधी भावनाको एउटा कारण भारत स्वयं हो ।

३. छिमेकी देशसँगको सम्बन्धको औचित्य देश र जनताको हित हो। यसमा ठोस यथार्थहरूको भूमिका हुन्छ- जस्तै, व्यापार, सुरक्षा, परस्पर सम्मान आदि। नेपाल यी सबै क्षेत्रमा भारतबाट हेपिएको छ ।

४. भारत र त्यसमा पनि नेपालसँग सीमा जोडिएका क्षेत्र (युपी र बिहार) नेपालका लागि अनुकरणीय छैनन् । भारतको अर्थतन्त्रमा बढिरहेका जोखिमबाट नेपालले सतर्क रहन आवश्यक छ ।

५. नेपाल भारतसँग धेरै कुरामा निर्भर छ। नेपालको सार्वभौमिकताको रक्षा यो निर्भरतालाई होसियारीपूर्वक अभ्यास गर्दामात्र सम्भव छ। होसियारीको एउटा कडी के हो भने नेपालको सरकारले भारतसँगको सम्बन्ध निर्माण तथा अभ्यास गर्दा आत्मसम्मान गुमाउनु हुँदैन।

७. 'Jingoism वा भारतविरोधी राष्ट्रवाद खराब कुरा हो' भनेर नेपालभित्र अरूलाई सम्झाउनु र यही कुरा औपचारिक मञ्चमा भारतीयहरूलाई सुनाउनु फरक कुरा हुन् । पहिलो -व्यवहारिक कुरा हो र दोस्रो चाटुकारिता ।

कृषि बीमामा किसानको आकर्षण

भञ्ज्याङ समाचारदाता/काठमाडौं

कृषि तथा पशुपन्छी बीमामा किसानको सहभागिता बढेको छ । सरकारले बीमा प्रिमियम अनुदान भुक्तानीलाई अनलाइन प्रणालीमार्फत सहज बनाएपछि पछिल्लो ६ महिनामा पशुपन्छी तथा मत्स्यतर्फ ९५ हजार ३०९ बीमालेख जारी भएका छन् । यस अवधिमा सरकारले किसानलाई एक अर्ब २४ करोड रूपैयाँभन्दा बढी प्रिमियम अनुदान भुक्तानी गरेको छ। कृषि, वन तथा पर्यावरण मन्त्रालयका अनुसार पशु सेवा विभागमा अनलाइन बीमा प्रणाली (एएलआईएस) को पहुँच सुनिश्चित भएपछि बीमालेख जारी गर्ने प्रक्रिया सहज बनेको हो ।

जारी बीमालेखमध्ये सबैभन्दा धेरै ७६ हजार २४० गाईभैंसीका छन् । त्यस्तै, बाखाका १२ हजार ४५०, पन्छीका दुई हजार ६५०, बंगुरका दुई हजार ४६८ र माछाका एक हजार ५०१ बीमालेख जारी भएका छन् । बाली तथा पशुधन बीमाको प्रिमियममा अनुदान उपलब्ध गराउने कार्यविधि' अनुसार सरकारले कुल एक अर्ब २४ करोड २७ लाख ५० हजार ९४३ रूपैयाँ अनुदान भुक्तानी गरेको मन्त्रालयले जनाएको छ । यसमध्ये पशुपन्छी तथा मत्स्यतर्फ एक अर्ब १९ करोड १३ लाख ३५ हजार र बालीतर्फ पाँच करोड १४ लाख १५ हजार रूपैयाँ भुक्तानी भएको छ ।

कृषि विभागका अनुसार नेपाल बीमा प्राधिकरणले २०८२ चैतसम्म पेस गरेका बीमालेख अध्ययन गरी बालीतर्फको अनुदान भुक्तानी फछ्र्योट गरिएको हो । त्यसपछिका तीन महिनाका बीमालेख प्राधिकरणमा संकलन भइरहेको र अध्ययनपछि भुक्तानी गरिने मन्त्रालयले जनाएको छ । बीमा प्रिमियममा सरकारी अनुदान र अनलाइन प्रणालीबाट भुक्तानी प्रक्रिया सहज बन्दै जाँदा किसानलाई कृषि तथा पशुपालनमा सम्भावित जोखिमबाट हुने आर्थिक क्षति न्यूनीकरण गर्न सहयोग पुग्ने अपेक्षा गरिएको छ ।

भञ्ज्याङ पब्लिकेशन प्रा.लि.द्वारा प्रकाशित **भञ्ज्याङ राष्ट्रिय दैनिक** पत्रिकाको लागि **सम्पादक** : नारायण खड्का ।
कार्यालय : ब्यास-२, दमौली, तनहुँ । **फोनः** ०६५-५६३९०७, E-mail:- bhanjyangdml@gmail.com, Web : www.bhanjyangnews.com **मुद्रण** :- विज्ञान प्रिन्टर्स दमौली, फोन : ०६५-५६०१२४